# यूवा क्लब गठन तथा यूवा संसद संचालन कार्यविधि,२०७५ मा उल्लेखित यूवा क्लबको गठन प्रकृया,काम कर्तव्य र अधिकार

## १. यूवा क्लबको गठन प्रकृया :

- संरक्षक : वडाध्यक्ष वा निजले तोकेको वडा सदस्य
- साधारण सदस्यहरु :वडा भित्रका १६ देखि २४ बर्ष उमेरका सबै यूवाहरु -( वडा समितिको कार्यालयले अभिलेख राख्ने )
- वडा स्तरीय यूवा क्लबको संरचना :देहाय बमोजिमका १५ जना मध्ये ५० प्रतिशत महिला हुनुपर्ने ।
  - प्राथमिकताको समूह (महिला, आदिवासी जनजाति,मधेशी,दलित,मुस्लिम र पिछडिएको क्षेत्र) का युवाहरु मध्येबाट १ जना
  - विशेष प्राथमिकताको समूह (द्वन्द्व पीडित,जोखिममा परेका,अपांगता भएका,सीमान्तकृत,लोपोन्मुख र अल्पसंख्यक) का युवाहरु मध्येबाट १ जना
  - स्थानीय उद्यमी युवाहरु मध्येबाट १जना
  - युवा पत्रकारहरु मध्येबाट १ जना
  - स्थानीय खेलाडीहरु मध्येबाट १ जना
  - स्थानीय कलाकारहरु मध्येबाट १ जना
  - स्थानीय सहकारीमा आबद्ध युवाहरु मध्येबाट १ जना
  - स्थानीय समुदायमा आधारित संस्थाहरुको प्रतिनिधि युवा १ जना
  - वडा भित्रका मेधावी विद्यार्थीहरु मध्येबाट १ जना महिला सहित २ जना
  - वडापालिकाले खुला समूहबाट मनोनित गरेका युवा ५ जना
- माथी उल्लेखित १५ जनाले आफूहरु मध्येबाट अध्यक्ष,उपाध्यक्ष,सचिव तथा कोषध्यक्ष छनौट गर्ने ।
- पदावधि : गठन भएको मितिले २ बर्षको हुने ।
- सचिवालय : बडा समितिको कार्यालयमा रहने ।

## २.युवा क्लबको काम कर्तव्य र अधिकार

- युवाको नेतृत्व तथा क्षमता विकास र परिचालनमा सहजीकरण गर्ने
- युवा विकासका योजना तथा कार्यक्रम निर्माणमा सहभागी भइ युवामैत्री कार्यक्रम निर्माण र कार्यान्वयनमा पैरवी र सहयोग गर्ने ।
- नागरिक सचेतना अभियानहरुमा सक्रिय सहभागी भइ कार्यक्रम सफल बनाउन सहयोग गर्ने ।
- स्थानीय स्तरमा संचालन हुने युवा लक्ष्यित कार्यक्रमहरु कार्यान्वयनमा सहयोग गर्ने ।
- दिगो विकास लक्ष्यहरुलाइ स्थानीयकरण गरी कार्यान्वयन गर्न सार्थक सहभागिता सहित नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।
- प्रत्येक युवा क्लबले कम्तिमा एक उद्यम तथा एक अतिरिक्त क्रियाकलापको नेतृत्व र व्यवस्थापन गर्ने ।
- सार्वजनिक निकायमा सूचनाको हकको कार्यान्वयन तथा सुशासन प्रबर्द्धनमा टेवा पुर्याउने ।

Scanned by CamScanner